**INTELLECTUAL INCEPTION: A Multidisciplinary Research Journal of Bhojpur Campus**
(Peer Reviewed)
ISSN: 2990-7934, Volume 3, Issue 1, June 2025, pp 56-71
Published by Research Management Cell (RMC), Bhojpur Multiple Campus, Bhojpur
E-mail: rmcbhojpur@gmail.com

# 'सरकारले दुलो खोज्नुपर्ला' निबन्धमा सन्दर्भगत संज्ञान

बाबुराम ओझा
उपप्राध्यापक, नेपाली विभाग, भोजपुर बहुमुखी क्याम्पस, भोजपुर

***Article History:*** Submitted 3 April 2025; Reviewed 11 May 2025; Revised 16 June 2025
***Corresponding Author:*** Baburam Ojha, Email: brobjp@gmail.com, Orcid Id : 0009-0009-0984-7201
***DOI:*** https://doi.org/10.3126/iimrjbc.v3i1.81404

*लेखसार*

*प्रस्तुत अध्ययन भैरव अर्यालद्वारा लिखित 'सरकारले दुलो खोज्नुपर्ला' निबन्धलाई सन्दर्भ विश्लेषण सम्बन्धी मान्यताका आधारमा विश्लेषण गरी त्यसमा निहित संज्ञानको खोजी गरिएको छ । सङ्कथनमा भाषासँगै सन्दर्भ पनि निहित रहेको हुन्छ । अतः निबन्धात्मक भाषिक पाठमा अन्तर्निहित संज्ञानको खोजीका लागि सन्दर्भको सहयोग आवश्यक परेको हुन्छ । सन्दर्भले निबन्धात्मक पाठमा प्रयुक्त भाषा र त्यसमा निहित स्थितिको संयोजनद्वारा पाठको आशय वा संज्ञानलाई प्रकाश्य पार्छ । 'सरकारले दुलो खोज्नुपर्ला' निबन्धमा के कस्ता सन्दर्भ मार्फत् संज्ञान कसरी प्रस्तुत गरिएको छ ? भन्ने प्राज्ञिक जिज्ञासामा आधारित अध्ययन पश्चात् तयार पारिएको प्रस्तुत लेखमा उक्त निबन्धमा रहेको संज्ञानगत पक्षलाई विभिन्न सन्दर्भका माध्यमबाट खोजिएको छ । मूलतः पुस्तकालयीय कार्यबाट सामग्रीको सङ्कलन गरिएको यस लेखमा सामग्री विश्लेषणका लागि सन्दर्भ विश्लेषणको सैद्धान्तिक मान्यताको प्रयोग गरिएको छ । सामग्रीको विश्लेषण गर्दा यहाँ पाठ विश्लेषण विधि अवलम्बन गरिएको छ । 'सरकारले दुलो खोज्नु पर्ला' निबन्धमा तत्कालीन अवस्थाका सामाजिक, धार्मिक, सांस्कृतिक, आर्थिक तथा राजनीतिक विषयका विविध पक्षमाथिको आलोचनात्मक अभिव्यक्ति रहेको छ र यस्तो अभिव्यक्ति सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भका माध्यमबाट प्रकाश्य भएको छ । यी सन्दर्भ मार्फत् उक्त निबन्धमा नेपालमा प्रजातन्त्रको स्थापना पछिको सरकार बन्ने र विगठन हुने अवस्था र तत्कालीन सरकारको अपरिपक्वता, आन्दोलन र मागमार्फत् राजनीतिक अभीष्ट पूरा गर्ने तत्कालीन प्रवृत्ति, धार्मिक संस्था र परम्पराको निउँमा हुने स्वार्थता एवम् तत्कालीन अवस्थामा रहेको आर्थिक विभेद र यस्तो विभेदका विरुद्धको सङ्घर्ष जस्ता संज्ञान प्रस्तुत भएको देखापर्छ ।*

**शब्दकुञ्जी** : आचरणगत निस्पृहता, धर्मान्धता, पुरातनवादी सत्ता, सांस्कृतिक विचलन, सत्तामोह ।

## विषयपरिचय

भैरव अर्याल (१९९३-२०३३) ले लेखेको 'सरकारले दुलो खोज्नु पर्ला' (*हालखबर* - २०१४) निबन्ध अर्यालको पहिलो प्रकाशित निबन्ध हो । निबन्धको मुख्य विचार तत्कालीन अवस्थामा देशमा मन्त्रीमण्डल गठन गर्दाको अदूरदर्शिता, धार्मिक कार्यमा मानिसले गरेको बेवास्ता र धार्मिक संस्थाहरू उपेक्षित रहेको हुनाले आफ्नो अधिकारका लागि सङ्घर्ष गर्न पुरोहितहरूको निर्णय गरेको विषयसँग सम्बन्धित छ ।

यसमा तत्कालीन समयको सरकार गठन र विगठनको राजनीतिक प्रतिचित्रण र सांस्कृतिक पक्षमा आएको विचलनको परिणतिको पनि अर्थपूर्ण ढङ्गले वर्णन गरिएको छ । सङ्क्षिप्त आकार भएको जम्मा १४ ओटा वाक्यमा संरचित अखबारीय शैलीको र सङ्क्षिप्त भए पनि अर्थको गहिराइका आधारमा यो निबन्ध पठनीय रहेको छ ।

सन्दर्भ भन्नाले भाषिक रूपमा रहेको अर्थलाई प्रकाशित गराउने माध्यम भन्ने बुझिन्छ । सङ्कथनमा सन्दर्भ अपरिहार्य तत्त्वका रूपमा देखापर्छ । सङ्कथन विश्लेषणले कुनै पनि भाषिक एकाइ सन्दर्भको अभावमा बिना अर्थको हुन्छ भन्ने मान्यता राख्छ । त्यसैले सङ्कथनमा भाषिक रूपलाई त्यसको स्थिति वा परिवेशसँग तादात्म्य गराएर अर्थसम्म पुऱ्याउने सहकारी माध्यमका रूपमा सन्दर्भलाई लिइन्छ र यसको अभावमा कुनै एक वाक्य पनि अर्थ्याउन कठिन हुन्छ । खास गरी सन्दर्भले रूप र स्थितिलाई जोड्ने कार्य गरे पनि कहिलेकाहीँ सन्दर्भकै माध्यमले स्थितिको निर्माण हुन पुग्छ र भाषिक रूपले अर्थिने मौका पाउँछ । भाषिक पाठमा प्रयुक्त भएको संज्ञान सन्दर्भका माध्यमबाट नै स्पष्ट हुने हुनाले त्यस्तो संज्ञान वा पाठको आशयलाई सन्दर्भगत संज्ञान मानिन्छ । यही सन्दर्भगत संज्ञानलाई सन्दर्भार्थ पनि भनिन्छ ।

‘सरकारले दुलो खोज्नुपर्ला’ निबन्धमा सामाजिक, धार्मिक, सांस्कृतिक, आर्थिक र राजनीतिक विषयका विविध पक्षको वर्णन रहेको छ र यस्तो वर्णनभित्र सामाजिक, धार्मिक तथा सांस्कृतिक तथा राजनीतिक क्षेत्रका बेथितिको आलोचना पनि गरिएको छ । तत्कालीन सामाजिक, आर्थिक तथा राजनीतिक परिस्थितिका आधारमा लेखिएको र तदनुसारकै विभिन्न पक्षमाथि व्यङ्ग्यसमेत गरिएको यस निबन्धमा रहेको संज्ञान वा आशय विभिन्न सन्दर्भका माध्यमबाट मात्र स्पष्ट हुन्छ । यसैले यो निबन्ध सन्दर्भ विश्लेषणका दृष्टिले विश्लेष्य रहेको छ । भैरव अर्यालका अरू निबन्धमा रहेको हास्यव्यङ्ग्य र भाषिक पक्षमा पर्याप्त अध्ययन भए पनि सन्दर्भका आधारमा र ‘सरकारले दुलो खोज्नुपर्ला निबन्धको हालसम्म अध्ययन भएको हुनाले सन्दर्भका आधारमा उक्त निबन्धमा रहेको संज्ञानको विश्लेषण गर्ने ध्येयले यो शोधलेख तयार पारिएको छ ।

**समस्याकथन**

नेपाली निबन्धलाई हालसम्म विश्लेषण गर्ने संरचनात्मक र शैलीवैज्ञानिक आधार प्रचलनमा रहे पनि सन्दर्भ विश्लेषणको आधार प्रयोगमा ल्याएको देखिँदैन । सन्दर्भ विश्लेषणमार्फत् निबन्धमा रहेको विचार वा आशयको वस्तुगत र सही विश्लेषण गर्न सकिने हुनाले ‘सरकारले दुलो खोज्नु पर्ला’ निबन्ध सन्दर्भ विश्लेषणका आधारमा अध्ययनीय रहेको छ । अतः सन्दर्भ विश्लेषणका आधारमा उक्त निबन्धमा प्रस्तुत संज्ञानको खोजी नै यस अध्ययनमा प्रमुख समस्या रहेको छ । यस समस्यासँग सम्बन्धित अरू प्राज्ञिक जिज्ञासा यसप्रकार रहेका छन् :

(१) ‘सरकारले दुलो खोज्नु पर्ला’ निबन्धमा के कस्ता सन्दर्भ प्रयुक्त भएका छन् ?

(१) ‘सरकारले दुलो खोज्नु पर्ला’ निबन्धमा सन्दर्भगत संज्ञान के कसरी प्रस्तुत गरिएको छ ?

**अध्ययनको उद्देश्य**

सन्दर्भ विश्लेषणका आधारमा उक्त निबन्धमा प्रस्तुत संज्ञानको खोजी गर्नु नै प्रस्तुत अध्ययनको मुख्य उद्देश्य रहेको छ । यस उद्देश्यसँग सम्बद्ध अरू उद्देश्य यसप्रकार रहेका छन् :

(१) ‘सरकारले दुलो खोज्नु पर्ला’ निबन्धमा प्रयुक्त सन्दर्भ प्रयुक्तको व्याख्या गर्नु,


(१) ‘सरकारले दुलो खोज्नु पर्ला’ निबन्धमा प्रस्तुत सन्दर्भगत संज्ञानको विश्लेषण गर्नु ।

**अध्ययन विधि तथा सामग्री**

प्रस्तुत लेखको तयारीका क्रममा सामग्रीको सङ्कलन मूलतः पुस्तकालीय कार्यका आधारमा गरिएको छ । अर्यालद्वारा लिखित निबन्धको पाठ यसको प्राथमिक सामग्री हो । यस निबन्धको चयन सोद्देश्य चयन हो । यस निबन्धमा रहको विचार प्रस्तुत गर्न सन्दर्भको निबन्धको विश्लेषणको आधार तयार पार्न सैद्धान्तिक विषयका द्वितीयक सामग्री प्रयोग गरिएको छ । यस लेखमा सन्दर्भसम्बन्धी सैद्धान्तिक मान्यताका आधारमा निश्चित अवधारणा बनाई निबन्धमा रहेको संज्ञनको विश्लेषण गरिएको छ । सामग्री विश्लेषण गर्न यहाँ मूलतः पाठ विधिको प्रयोग गरिएको छ । यस अध्ययनमा निबन्धको विश्लेषण गर्न सन्दर्भ सम्बन्धी सैद्धान्तिक मान्यताको प्रयोग गरिएको छ । सन्दर्भलाई सङ्कथन विश्लेषण, अर्थविज्ञान, व्यवस्थापरक व्याकरण र नयाँ समालोचना जस्ता क्षेत्रबाट सैद्धान्तिक आधार प्राप्त भएको छ । यी आधार मध्ये व्यवस्थापरक भाषाविज्ञान र आलोचनात्मक सङ्कथन विश्लेषणका मान्यताको यथोचित प्रयोग यहाँ गरिएको छ । वर्णनात्मक पद्धति अँगालिएको यस अध्ययनको ढाँचा गुणात्मक रहेको छ । यहाँ यही सन्दर्भ विश्लेषणका आधारमा निबन्धात्मक पाठमा प्रस्तुत आशय वा संज्ञानको विश्लेषण गरिएको छ । यस क्रममा उच्चारको स्थितिका आधारमा सन्दर्भको व्याख्या गरिएको छ भने स्थितिगत विश्लेषण गरी समग्रमा विश्लेषणबाट प्राप्त संज्ञानको समष्टीगत प्रस्तुतीकरण गरिएको छ ।

**सन्दर्भको सैद्धान्तिक मान्यता**

सन्दर्भ कुनै भाषिक उच्चारमा प्रयुक्त अभिव्यक्तिसँग आन्तरिक रूपमा जोडिएको आर्थी वा आशयगत पक्षसँग सम्बन्धित रहेको हुन्छ । सङ्कथन विश्लेषणमा सन्दर्भको सहायताले मात्र भाषिक कार्य सम्पन्न हुन्छ भन्ने मान्यता राखिन्छ । भाषाविज्ञानमा सन्दर्भको यस महत्वपूर्ण सिद्धान्तलाई पारिस्थितिक मान्यताका रूपमा चिनिन्छ । यसमा भाषाको सिद्धान्त निर्माण, वर्णन र विश्लेषण अर्थको परिवेशका आधारमा गरिन्छ (ह्यालिडे, सन् २०१४, पृ. ३२) । यसबाट भाषिक अर्थको उत्पादनका लागि सन्दर्भको अपरिहार्यता पुष्टि हुन्छ । सङ्कथन विश्लेषणले भाषिक पाठमा प्रयुक्त भाषा र यसमा निहित स्थितिको सम्बन्धको अध्ययनलाई जनाउँछ (म्याक्कार्थी, सन् १९९१, पृ. ५) । अतः भाषिक अर्थको अध्ययनमा सन्दर्भको अध्ययनसँगसँगै गाँसिएर आएको हुन्छ । सङ्कथनमा सन्दर्भले स्थिति र रूपलाई एक ठाउँमा ल्याउँछ । यसले भाषिक रूपलाई र स्थितिलाई अर्थको उत्पादनका लागि जोड्ने कार्य गरेको हुन्छ (शर्मा, २०६३, पृ. १९७) । भाषाका कार्यमूलक तहअन्तर्गत वस्तु, रूप र स्थिति गरी तीन ओटा पक्षलाई लिइन्छ । यिनलाई जोड्ने वर्णविन्यास र ध्वनितत्त्व जस्ता बाह्य तह र सन्दर्भ जस्ता अन्तर्तह रहेका हुन्छन् (बन्धु, २०६४, पृ. १२७) । यसरी सन्दर्भले स्थितिमार्फत र भाषिक रूपको अर्थ प्रकाशित पार्छ । सन्दर्भको भूमिका र अर्थ प्रतिफलनको दिशा तलको चित्रबाट स्पष्ट हुन्छ :




*स्रोत : ह्यालिडेको सन्दर्भसम्बन्धी मान्यता सन् १९८५*

सन्दर्भले भौतिक वा बाहिरी जगतको र र ज्ञानात्मक जगतको प्रतिनिधित्व गरेको हुन्छ । यसैका आधारमा सन्दर्भलाई परिस्थितिगत र संज्ञानात्मक गरी दुई प्रकारका वर्गीकरण गरेर हेरिन्छ । परिस्थितिगत सन्दर्भ स्थानगत, कालगत र सहभागीगत हुन्छ भने संज्ञानात्मक सन्दर्भ संज्ञानका क्षेत्र अनुसार नै थप विभाजित हुन्छ ।

सन्दर्भलाई प्राचीन भाषासँग जोडेर अध्ययन गर्ने कार्य विद्वान मेलिनोस्कीले सुरु गरेको पाइन्छ । उनले भाषाका कोडले भन्न खोजेको कुरा वक्ताको परिस्थितिबाट मात्र स्पष्ट हुने (विडोसन, सन् २००४, पृ. ३७) बताएको, यसैका आधारमा व्यवस्थापरक व्याकरणका प्रवर्तक फर्थले भाषाविज्ञानको मुख्य लक्ष्य भाषिक उच्चारको अर्थ खोज्नुलाई मानेको र भाषा जस्तै सन्दर्भ पनि फैलिएको हुनाले कार्यात्मक रूपमा यसमा विविधता पनि हुन्छ (ह्यालिडे, सन् २०१४, पृ. ३२) भन्दै ह्यालिडेले सन्दर्भको मान्यतालाई विकसित र व्यवस्थित पारेको छ ।

सङ्कथनको सन्दर्भपरक विश्लेषण व्याकरणिक, पाठात्मक र अन्तर्क्रियात्मक विश्लेषण भन्दा भिन्न र सामान्य संज्ञानात्मक विश्लेषण भन्दा पनि पृथक रहेको छ । कुनै पनि भाषिक पाठको अंश बुझ्नका लागि हामीलाई विश्वको जानकारीमूलक ज्ञान र सामान्य अर्थमात्र बुझेर हुँदैन, पाठांशको उपयुक्त सन्दर्भको ज्ञान आवश्यक हुन जान्छ (भान डाइक, सन् २००८, पृ. ३) भन्ने यसको मान्यता रहेको हुन्छ । यसरी पाठको आशय वा संज्ञान बुझ्नका लागि त्यसमा निहित स्थितिगत परिवेशको जानकारी आवश्यक हुने र पाठमा स्थितिलाई खोजेर अर्थ पहिल्याउने आधार सन्दर्भले प्रदान गर्ने हुनाले सन्दर्भ विश्लेषणलाई पाठको अर्थ विश्लेषणको वस्तुगत आधार हो ।

## छलफल तथा परिणाम

'सरकारले दुलो खोज्नु पर्ला' (*हालखबर,* २०१४) अर्यालको भैरव अर्यालको पहिलो प्रकाशित निबन्ध हो । अर्यालको पहिलो निबन्ध 'खोलापारिका पुरेत बाजे' (२०१३) भनेर चर्चा भइरहेको पाइए पनि अर्यालको त्यस्तो शीर्षकको निबन्ध नरहेको हुँदा यही निबन्ध नै उनको पहिलो प्रकाशित निबन्ध ठहर्छ ( लुइटेल, २०७८) । यस निबन्धमा तत्कालीन नेपाली राजनीति समाज र अर्थव्यवस्थाका विविधि परिवेशमा अन्तर्निहित संज्ञान अन्तर्निहित रहेको छ । यस्तो संज्ञानलाई यहाँ उच्चारको विभाजन गरेर स्थितिगत परिवेशका आधारमा व्याख्या गरिएको छ र त्यस्ता व्यापक परिवेशका प्रतिफलित सन्दर्भगत संज्ञानको समग्रताका आधारमा विश्लेषण गरिएको छ ।

## निबन्धको सन्दर्भगत व्याख्या

निबन्धको मूल विषयवस्तु राजनीतिक रहेको भए पनि यसको अन्तर्यमा आर्थिक सुविधा र पुरोहितको पारिश्रमिकको स्थिति रहेको हुनाले यहाँ धार्मिक तथा आर्थिक परिवेश अन्तर्निहित भएको छ । नेपाली जनताले काजक्रिया लगायतका धार्मिक संस्कार गर्न छोडेका, गरे पनि समयअनुसार कम पारिश्रमिक दिने गरेका कारण पण्डित वा पुरोहितहरूको जजमानी पेसा धरापमा परेकाले आन्दोलनका माध्यमले पुरोहित तथा पण्डितहरूका पेसा सुधार्ने र सरकारमा रहेर मन्त्री पद पनि खानेगरिको प्रचण्ड पुरोहित परिषद्को बैठक र यसमा भएका बहस र ९१ सूत्रीय माग लिएर सरकारमा ज्ञापनपत्र बुझाउने सो परिषद्को क्रियाकलापमार्फत यस निबन्धमा धार्मिक सङ्घ संस्थाको स्वार्थी प्रवृत्तिप्रति लेखकीय कटाक्ष रहेको छ । यसरी हेर्दा यस निबन्धमा रहेको आशय वा संज्ञानको विश्लेषणका लागि सामाजिक, आर्थिक र राजनीतिक सन्दर्भको सहयोग आवश्यक रहेको छ ।

**स्थितिको वाक्यगत विभाजन र सन्दर्भको प्रकारगत विवरण**

स्थितिलाई सङ्कथनको अनिवार्य पक्षका रूपमा लिइन्छ । उच्चार घटित हुने भाषेत्तर पर्यावरणलाई नै सङ्कथनमा स्थिति भनिन्छ । यो अर्थको परिवेश हो (शर्मा, २०६३, पृ. १९७) । पाठमा रहेको स्थितिलार्य वर्गीकरण गर्ने विभिन्न आधारहरू रहेका छन् । यहाँ निबन्धात्मक पाठमा रहेका स्थितिलाई वाक्यगत स्थितिलाई बृहत् स्थिति मानी थप उपवाक्यगत वा लघु स्थितिमा विभाजन नगरी यसैका आधारमा उच्चारको विभाजनलाई विश्लेषण गरिएको छ ।

१. गत ज्येष्ठ डेड गते राहुवार प.१ नं. बाग्मतीको किनारमा 'प्रचण्ड पुरोहित परिषद्' को यौटा बैठक श्री गुन्द्रुकप्रसाद गुरागाईँको सभापतित्वमा चलेको थियो (पृ. १) ।

| वाक्य | भाषिक रूप | सन्दर्भ | स्थिति |
|---|---|---|---|
| १ | गत ज्येष्ठ डेड गते राहुवार | कालगत | खराब समय वा खराब संयन्त्र |
| १ | प.१ नं. बाग्मतीको किनार | स्थानगत | स्थान र शक्तिकेन्द्र |
| १ | प्रचण्ड पुरोहित परिषद् | धार्मिक | धार्मिक संस्था |
| १ | यौटा बैठक | राजनीतिक | धार्मिक आन्दोलन |
| १ | गुन्द्रुकप्रसाद गुरागाईँ | सहभागीगत | आर्थिक अवस्थाको नाजुकता |
| १ | सभापतित्व | राजनीतिक | नेतृत्व |

२. उक्त बैठकमा सर्वप्रथम बैठकको कारणप्रति परिचय दिँदै पं. बलिदेउ पराजुलीले भन्नुभयो- आजको सरकारको मन्त्री रखाइ बढो अधुरो छ, भए नभएका विभाग र मन्त्रीहरू भएपछि हाम्रो धर्मको ख्याल राखिदिने धर्म विभाग र धर्ममन्त्री राख्ने कदम सरकारले किन उठाएन (पृ. १) ?

| वाक्य | भाषिक रूप | सन्दर्भ | स्थिति |
|---|---|---|---|
| २ | बलिदेउ पराजुली | सहभागीगत | क्रान्ति वा आन्दोलनको सङ्केत |
| २ | आजको सरकारको मन्त्री रखाइ | राजनीतिक | सरकार गठन प्रक्रिया |
| २ | भए नभएका विभाग र मन्त्री | राजनीतिक | मन्त्रीमण्डलको सङ्ख्या |
| २ | हाम्रो धर्म | सामाजिक | तत्कालीन धार्मिक अवस्था |
| २ | धर्म विभाग र धर्म मन्त्री | राजनीतिक | धर्मका नाममा राजनीति |
| २ | कदम सरकारले नउठाउनु | राजनीतिक | सरकारका काम कारबाही |

३. आज नेपालीमा धर्मको कुन गति भैरहेको छ, जनताले धेरैजसो कार्जे गर्न छाडिसके, गरिहाले भने पनि पुरेतको दस्तुर १७ पैसाको १७ पैसा छँदैछ (पृ. १) ।

| वाक्य | भाषिक रूप | सन्दर्भ | स्थिति |
|---|---|---|---|
| ३ | आज नेपालीमा धर्मको गति | सामाीजक | तत्कालीन धार्मिक बेथिति |
| ३ | जनताले धेरैजसो कार्जे गर्न छाडिसके | सामाजिक | तत्कालीन धार्मिक बेथिति |
| ३ | पुरेतको दस्तुर १७ पैसाको १७ पैसा | आर्थिक | जजमानी पेसाको आर्थिक चित्र |

४. आजको आर्थिक परिस्थितिमा १७ पैसाको गोदान लिएर पुरेतहरूले कसरी हुक्का टार्ने (पृ. १-२) ?

| वाक्य | भाषिक रूप | सन्दर्भ | स्थिति |
|---|---|---|---|
| ४ | आजको आर्थिक परिस्थिति | आर्थिक | तत्कालीन आर्थिक परिस्थिति |
| ४ | १७ पैसाको गोदान | आर्थिक | न्यून ज्याला |
| ४ | पुरेतहरूले कसरी हुक्का पार्ने | आर्थिक | पुरोहितहरूको जीविका |

५. अतः संघे शक्ति कलौ युगे' भन्ने भागवतको उक्तिअनुसार पनि आफ्नो रोटी र रोजीको निम्ति शुरो लिएर लड्नैपर्छ (अर्याल, २०६३, पृ. २) ।

| वाक्य | भाषिक रूप | सन्दर्भ | स्थिति |
|---|---|---|---|
| ५ | संघे शक्ति कलौ युगे' | सामाजिक | कलियुगको चित्र |
| ५ | भागवतको उक्ति | सामाजिक | भागवतको कथन |
| ५ | आफ्नो रोटी र रोजीको निम्ति शुरो लिएर लड्नुपर्ने | आर्थिक | बाँच्नका लागि सङ्घर्ष |

६. यो प्रस्तावलाई समर्थन गर्दै महापण्डित श्री द्रव्यदत्त खतिवडाले भन्नुभो- “ठीक हो एक पटक हामी सारा संगठित भएर पँहेलो झण्डा फहराउँदै कमल पोखरीतिर देखायौं भने सके सिङ्गो र उत्ति नभए पनि एउटा उपमन्त्री त कतै नजा (पृ. २) ।”

| वाक्य | भाषिक रूप | सन्दर्भ | स्थिति |
|---|---|---|---|
| ६ | प्रस्तावलाई समर्थन | राजनीतिक | स्वार्थका लागि एकता |
| ६ | द्रव्यदत्त खतिवडा | सहभागीगत | कमाउने मानसिकता |
| ६ | हामी सारा संगठित भए | राजनीतिक | स्वार्थका लागि एकता |
| ६ | पँहेलो झण्डा फहराउँदै कमल पोखरीतिर देखायौं | सामाजिक | माग पूरा गर्ने चेतावनी |
| ६ | सके सिङ्गो र उत्ति नभए पनि एउटा उपमन्त्री | राजनीतिक | धर्मका नाममा राजनीति |

७. सही लाउँदै पण्डित भेटीनाथ नैवेद्याचार्यले भन्नुहो- “अनि देखिएला यी अर्ध-इङ्ग्लिस मिस्टरहरूको ताइन (पृ. २) ।”

| वाक्य | भाषिक रूप | सन्दर्भ | स्थिति |
|---|---|---|---|
| ७ | पण्डित भेटीनाथ नैवेद्याचार्य | सहभागीगत | आर्थिक आर्जन |
| ७ | अर्ध-इङ्ग्लिस मिस्टरहरूको ताइन | सामाजिक | परिवर्तित संस्कृति |

८. यसपछि पुरोहित प्रवर श्री श्राद्धदेव पाध्या देशभक्ताचार्यले कड्किदै भन्नुभो- “कसरी सहने त ए बोत्तलवादको यो तानाशाही (पृ. २) ?

| वाक्य | भाषिक रूप | सन्दर्भ | स्थिति |
|---|---|---|---|
| ८ | पुरोहित प्रवर श्री श्राद्धदेव पाध्या देशभक्ताचार्य | सहभागीगत | सामाजिक परम्परा |
| ८ | बोतलवादको तानाशाही | सामाजिक | सांस्कृतिक विचलन |

९. दहीवाद पनि त एउटा सिद्धान्त हो, खै यसको सम्मान (पृ. २) ?”

| | | | |
|---|---|---|---|
| ९ | दहीवाद पनि त एउटा सिद्धान्त | सामाजिक | सांस्कृतिक विचलन |
| ९ | खै यसको सम्मान ? | सामाजिक | सांस्कृतिक विचलन |

१०. “क्या हो क्या हो मार्क्सवादले सामन्तवादको जरो उलखेलेझै दुर्गन्धी डबकावादले पवित्र दुनावादको विनाश गर्न पनि के बेर ?” भन्दै श्री वक्तव्याचार्य खनालले श्राद्धदेवको प्रमाणलाई पुष्टि गर्नुभो (पृ. २) ।

| वाक्य | भाषिक रूप | सन्दर्भ | स्थिति |
|---|---|---|---|
| १० | मार्क्सवादले सामन्तवादको जरो उलेखेझैँ | आर्थिक | उत्पादन सम्बन्धको दार्शनिक आधार |
| १० | दुर्गन्धी डबकावाद | | समाजमा रहेको सांस्कृतिक विचलन |
| १० | पवित्र दुनावाद | सामाजिक | समाजमा रहेको सांस्कृतिक विचलन |
| १० | श्री वक्तव्याचार्य खनालले श्राद्धदेवको प्रमाणलाई पुष्टि | सामाजिक | समाजमा रहेको सांस्कृतिक विचलन |

११. पं. रुढिबुढी मसानले भए नभएका ऐतिहासिक प्रमाणहरू बजार्दै राम्रो मुख लाएर कड्किनुभो- ‘कुपिता विप्रा मुसलादपि नचिभ्याति’, ‘मर्ता क्या नै कर्ता’ भनेझैँ हाम्रो मुख मोसिएपछि बेनको राज्यमा क्रान्ति गरेझैँ क्रान्ति... (पृ. २) ।

| वाक्य | भाषिक रूप | सन्दर्भ | स्थिति |
|---|---|---|---|
| ११ | रुढिबुढी मसान | सामाजिक | सामाजिक विश्वास |
| ११ | ऐतिहासिक प्रमाण | सामीजक | सामाजिक पुरातन मान्यता |
| ११ | कुपिता विप्रा मुसलादपि नचिभ्याति’, | सामाजिक | सामाजिक पुरातन मान्यता |
| ११ | ‘मर्ता क्या नै कर्ता’ | आर्थिक | बाँच्नका लागि सङ्घर्ष |
| ११ | हाम्रो मुख मोसिएपछि | आर्थिक | सुविधाको असमान वितरण |
| ११ | बेनको राज्यमा क्रान्ति गरेझैँ क्रान्ति | राजनीतिक | अस्तित्वका लागि सङ्घर्ष |

१२. बैठक चर्किन लागेको देखेर माननीय सभापतिले डोको ठटाउँदै कन्ट्रोल गर्नुभो र आखिर बैठकले निर्णय गर्‍यो- सरकारले हाम्रो मर्काप्रति विचार गरेर उचित कारबाही गर्दैन भने भोलिदेखि प्र.पु.प. ले तमाम शुरो र मोटक हड्ताल गर्नेछ (पृ. २) ।

| वाक्य | भाषिक रूप | सन्दर्भ | स्थिति |
|---|---|---|---|
| १२ | बैठक चर्किनु | राजनीतिक | स्वार्थसमूहको बेमेल |
| १२ | डोको ठटाउँदै कन्ट्रोल गर्नु | राजनीतिक | स्वार्थसमूहको नियन्त्रण |
| १२ | बैठकले निर्णय गर्नु | राजनीतिक | स्वार्थका लागि सहमति |
| १२ | सरकारले हाम्रो मर्काप्रति विचार गरेर उचित कारबाही नगर्नु | राजनीतिक | सरकारी कामप्रतिको आशंका |
| १२ | प्र.पु.प. ले तमाम शुरो र मोटक | सामाजिक | धार्मिक आन्दोलनको |

| हड्ताल | चेतावनी |
|---|---|

१३. यसपछि आफ्ना एकानब्बे सूत्रीय माग लिएर पं. टपरीकान्त न्यौपाने शोषण शास्त्रीको नेतृत्वमा यौटा प्रतिनिधि मण्डल कृष्ण पाउरोटी भण्डारबाट उँभो लागेको छ (पृ. २) ।

| वाक्य | भाषिक रूप | सन्दर्भ | स्थिति |
|---|---|---|---|
| १३ | एकानब्बे सूत्रीय माग | राजनीतिक | राजनीतिक मागदावी |
| १३ | टपरीकान्त न्यौपाने शोषणशास्त्री | सहभागीगत | व्यक्तिको प्रवृत्ति |
| १३ | प्रतिनिधिमण्डल | राजनीतिक | माग पूरा गर्ने तरिका |
| १३ | कृष्ण पाउरोटी भण्डारबाट उँभो | स्थानिक | बालुवाटारतिरको यात्रा |

१४. समयमै समस्या समाधानको पाइला नचाले सरकारले दुलो खोज्नुपर्ला (पृ. २) ।

| वाक्य | भाषिक रूप | सन्दर्भ | स्थिति |
|---|---|---|---|
| १४ | समयमै | राजनीतिक | सरकारको स्थिति |
| १४ | समस्याको समाधानको पाइला | राजनीतिक | मन्त्रीमण्ड र धर्मप्रतिको दृष्टिकोण |
| १४ | सरकारले दुलो खोज्नुपर्ला | राजनीतिक | आन्दोलन गर्ने अवस्था |

**परिस्थितिगत सन्दर्भको प्रयोग**

| स्थानगत सन्दर्भ (वाक्यगत) | कालगत सन्दर्भ (वाक्यगत) | सहभागीगत सन्दर्भ (वाक्यगत) |
|---|---|---|
| बागमतीको किनार (१) | जेष्ठ डेढ गते राहुबार (१) | प्रचण्ड पुरोहित परिषद् (१) |
| कमल पोखरी (६) | आज (२) | गुन्द्रुकप्रसाद गुरागाईं(१) |
| बेनको राज्य (११) | आज (३) | बलिदेउ पराजुली (२) |
| कृष्ण पाउरोटी भण्डारबाट उभो( १३) | आज (४) | महापण्डित श्री द्रव्यदत्त खतिवडा(६) |
| दुलो (१४) | कलौं युग (५) | पण्डित भेटीनाथ नैवेद्याचार्य (७) |
| | भोलि (१२) | श्री श्राद्धदेव पाध्या देशभक्ताचार्य (८) |
| | यसपछि (१३) | श्री वक्तव्याचार्य खनाल (१०) |
| | समयमै (१४) | रुढिबुढी मसान(११) |
| | | टपरीकान्त न्यौपाने शोषणशास्त्री (१३) |
| | | प्रतिनिधिमण्डल (१३) |

परिस्थितिगत सन्दर्भअन्तर्गतका स्थानगत, कालगत र सहभागीगत सन्दर्भको प्रयोग भएको यस निबन्धमा आएको यी सन्दर्भहरू विशेष गरी सामाजिक, आर्थिक र राजनीतिक संज्ञानको प्रकाशनका माध्यमको रूपमा प्रयुक्त भएको देखिन्छ । यहाँ रहेका स्थानगत सन्दर्भमा बागमतीको किनार, कमल पोखरी, कृष्ण पाउरोटी भण्डारबाट उँभोजस्ता सदर्भले प्रचण्ड पुरोहित परिषदको बैठक स्थलदेखि सरकारको केन्द्रीय मुकामलाई जनाएका छन् । यी स्थान राजनीतिक दृष्टिले विशेष महत्त्वका रहेका छन् भने दुलोले सरकारको सुरक्षात्मक हुने सम्भावित अवस्था रबेनको राज्य अल्जेरियाको अवस्थालाई नेपालको तत्कालीन अवस्थासँग दाँज्न प्रयुक्त भएको छ । कालगत रूपमा प्रयुक्त जेष्ठ डेढ गते राहुबार र कलौं युगले तत्कालीन समयलाई र आज, भोलि, यसपछि र समयमै मध्ये आजले क्रमशः तत्कालीन

सरकार गठन, धर्मको गति र पुरेतको आर्थिक अवस्थालाई, भोलिले क्रान्ति सुरुवातको चेतावनीलाई, यसपछिले परिषद्को वक्ताक्रमलाई र समयमैले आजकै अवस्थालाई जनाएको छ । सहभागीगत सन्दर्भका रूपमा प्रयुक्त अधिकांश नामले प्रचण्ड पुरोहित परिषद्का स्वार्थसमूहका सदस्यलाई र प्रतिनिधिमण्डलले यसै संस्थाको आन्दोलन अगुवा समूहलाई जनाएको छ । यी सबै सन्दर्भ तत्कालीन अवस्थाको सामाजिक, आर्थिक र राजनीतक संज्ञानको प्रकाशन गर्ने माध्यमका रूपमा प्रयुक्त भएको छ ।

**सन्दर्भमार्फत स्थितिगत अर्थको विश्लेषण**

वृहत् स्थितिगत वितरण अनुसारको अर्थलाई हेर्दा वाक्य (१) मा ज्येष्ठ महिनामा कुनै दिन बागमतीको किनारमा वा पशुपतिनाथ परिसरमा धार्मिक कार्यमा सलग्न पण्डित, पुरोहित, श्राद्धाचार्य र रुढिबुढीको बैठक बसेको देखिन्छ । परिवर्तित राजनीतिक परिस्थितिमा हिन्दू धर्म र यसको शक्ति प्रजातन्त्रको स्थापनासँगै खस्केको छ । धार्मिक संस्थाको राजनीति यहाँ देखिन्छ । धार्मिक संस्थामा आचरणगत निस्पृहता हुनुपर्नेमा स्वार्थता यहाँ देखिन्छ । वाक्य (२) मा नेपालको सरकार निर्माण र मन्त्रीमण्डल विस्तारको तत्कालीन स्थिति निहित रहेको छ । तत्कालीन अवस्थाको सरकार निर्माण र यससँग सम्बन्धित राजनीतिक गतिविधिसम्बन्धी परिवेश अन्तर्निहित रहेको छ । यसमा तत्कालीन अवस्थाको सरकार निर्माण र यसमा धर्मविभाग र मन्त्री नराखेको विषयप्रति पुरोहितहरूले जनाएको असन्तुष्टि र मन्त्रीमण्डल गठन गर्दा विवेक नपुग्ने सरकार प्रमुखको दृष्टिकोण र सोचलाई आलोचना गर्ने भाषिक रूपमार्फत यहाँ राजनीतिमा हुने प्रभावको बोध हुन्छ । वाक्य (३) मा नेपाली हिन्दूहरूको धार्मिक संस्कार र यससम्बन्धी गतिविधिको परिवेश अन्तर्निहित भएको छ । 'धर्मको गति' पदावलीले यहाँ धर्मको कुनै चाल वा गतिलाई होइन, तत्कालीन परिवेशमा नेपालमा हिन्दू धर्मको गरिमामा आएको ह्रासलाई, कार्जेले सबै प्रकारका धार्मिक अनुष्ठान र संस्कारजन्य गतिविधिलाई र 'पुरेतको दस्तुर' ले जजमानी पेसा अँगाल्ने सबै हिन्दू पुरोहितलाई बुझाएको छ । नेपालमा हिन्दूहरूको धार्मिक संस्कारप्रतिको परिवर्तित सोच र यसप्रतिको चिन्तन यसमा रहेको छ । साथमा तत्कालीन अवस्थामा नेपाली हिन्दूहरूमा रहेको धार्मिक अनुष्ठान, पुरोहित र पारिश्रमिकको दयनीय अवस्थाको बोध पनि यहाँ हुन्छ । वाक्य (४) मानेपालमा पुरेत्याइँको तत्कालीन अवस्थालाई देखाएको छ । यस निबन्धमा तत्कालीन नेपालको सामाजिक तथा धार्मिक परम्परा र त्यससँगै जोडिएका वर्गको आर्थिक अवस्था र शोषण रहेको देखाइएको छ ।

निबन्धका रहेको वाक्य (५) मा 'संघे शक्ति कलौ युगे' भन्ने भागवतको उक्तिका साथमा पुरेत्याइँको तत्कालीन अवस्था र जीविकाका लागि लागि सङ्घर्ष गर्नुपर्ने अवस्था देखिन्छ । शुरो लिएर आन्दोलन गर्ने कुरामा पण्डितहरूको आन्दोलनको हतियारका रूपमा शुरोको प्रयोगमार्फत आर्थिक शोषण र अभावका लागि वा आफूले पाइआएको सुविधाको कटौतीपछिको असन्तुष्टि र सङ्घर्षको उद्घोष यहाँ देखिन्छ । खास गरी राणा शासनकालमा आर्थिक रूपमा विभेदपूर्ण रूपमा पारिश्रमिक र ज्याला दिने पद्धति रहेको र त्यस समयमा साधारण मानिसलाई विना पारिश्रमिक काममा लगाइने र माथिल्ला वा उच्च मानिएको ब्राह्मणहरूलाई भने पर्याप्त धनराशि दक्षिणाका रूपमा दिने प्रचलन रहेकोमा प्रजातन्त्रको स्थापना भएपश्चात् पनि नेपालीलाई कम पारिश्रमिक दिएर आर्थिक ठगी गर्ने प्रचलन समाजमा व्याप्त रहेको र यसमा सरकार पनि मुकदर्शक बनेको तत्कालीन परिस्थितिको बोध माथिको उदाहरणबाट हुन्छ । वाक्य (६) मा पँहेलो झन्डा कमलपोखरीतिर देखाउने र मन्त्री वा उपमन्त्री पाउने स्थितिमा जनता र सङ्घसंस्थाका कुराहरू नसुन्ने सरकारलाई आन्दोलनका भरमा मन्त्री वा उपमन्त्री पद पाउने तत्कालीन परिस्थितिगत सत्य र आन्दोलन तथा विरोध मत्थर गर्न मन्त्री वा उपमन्त्री पदको

प्रयोग गर्ने तत्कालीन सरकारको प्रवृत्ति पनि सन्दर्भमार्फत यहाँ स्पष्ट भएको छ । वाक्य (७) मा भेटीनाथ नैवेद्याचार्यले तत्कालीन सरकारका मन्त्रीहरू र प्रजातन्त्रका हिमायतीहरूलाई अर्ध-इङ्लिस मिस्टरको उपनाम दिएको छ । यसबाट विशेष गरी सामाजिक तथा सांस्कृतिक रूपमा पूर्वीय सभ्यता, मान्यता र परम्परामा आएको विचलन तथा अङ्ग्रेजी भाषाप्रतिको मोहमाथिको कटाक्ष स्पष्ट हुन्छ । वाक्य (८) मा पुरोहित प्रवर श्री श्राद्धदेव पाद्यले बोतलवादको तानाशाहीसँग सम्बन्धित प्रश्न उठाएर विशेष गरी ब्राह्मण आर्य संस्कृतिमाथि आएको विचलन र मदिरापान गर्ने नयाँ संस्कृतिले यसमाथि गरेको अतिक्रमणको विरोध गरेको देखिन्छ । यसबाट प्रजातन्त्रका नाममा राजनीतिक परिवर्तन मात्र नभई सांस्कृतिक जीवनमा समेत नेपालीले पश्चिमीकरण अगालेको स्पष्ट हुन्छ । वाक्य (९) मा वाक्य कै कुराको खण्डनका साथ पूर्वीय आर्य संस्कृति र ब्राह्मण खाद्य संस्कृतिलाई सम्मान नपुगेकोमा गुनासो व्यक्त गर्दै 'दहीवाद' भाषिक रूपको प्रयोग गरेको र यसबाट हाम्रो नेपाली मौलिक खाद्य संस्कृतिलाई मदिरापानको पश्चिमी शैलीले अतिक्रमण गरेको सङ्केत गरेको छ । वाक्य (१०) मा मार्क्सवादले सामन्तवादको जरो उखेलेझैं डबकावाले दुनावादलाई विनाश गर्नेतिर लक्ष्य गर्दै पश्चिमीकरणको र पश्चिमी सांस्कृतिक शैलीको विरोध गरिएको छ । यहाँ डबकवाद भनेर विशेष गरी नेपालको मौलिक जनजातीय खानपानको शैलीलाई नजनाई विदेशी मदिरामा झुम्ने घरानीया र उच्चवर्गीय शैलीलाई जनाइएको छ ।

निबन्धमा रहेको वाक्य (११) मा रूढीबुढी मसानले ऐतिहासिक प्रमाणहरू ल्याउँदै 'मर्ता क्या न कर्ता' भनेझैं पुरोहित र पण्डितहरूको मुख मोसिएपछि बेनको राज्यमा झैं क्रान्ति गर्नुपर्ने उद्घोष गरेको छ । यस उद्घोषबाट विशेष गरी आर्थिक दृष्टिले उत्पादनका साधनको वितरणमा भएको असमानता र शोषण अनि त्यही शोषणका विरुद्ध क्रान्तिको उद्घोष अभिव्यक्त गर्छ । यसबाट राजनीतिक सन्दर्भमार्फत बेनको राज्यमा भएको आर्थिक क्रान्तिको पनि उदाहरण दिँदै नेपालमा तत्कालीन अवस्थामा आर्थिक विभेद र जनजीविकाका लागि सङ्घर्ष आवश्यक रहेको आशय प्रस्ट हुन्छ । वाक्य (१२) मा बैठकमा परेको चर्काचर्कीले स्वार्थ समूहहरूको बेमेल र स्वार्थको टकरावलाई र अन्ततः शुरो र मोटक हडतालको चेतावनीले धार्मिक संस्था र व्यक्तिहरूको सरकारसँगको सौदाबाजीसँगै पण्डित तथा पुरोहितहरूको जीविकाको संरक्षणमा सरकारले ध्यान दिनुपर्ने कुरामार्फत गरिब, विपन्न व्यक्तिहरूको जनजीविकाको ग्यारेन्टी हुनुपर्नेतर्फ सङ्केत गरिएको छ । वाक्य (१३) मा ९१ सुत्रीय माग लिएर प्रतिनिधि मण्डल कृष्ण पाउरोटी भण्डारबाट उभो लागेको स्थितिमार्फत धार्मिक संस्थाको राजनीतिक मागदाबी र त्यस्ता माग पूरा गराउने शैलीका रूपमा आन्दोलन र स्थानगत रूपमा सरकारको प्रमुख प्रशासन केन्द्र वा प्रधानमन्त्रीको निकायलाई निर्देश गरेको छ । वाक्य (१४) मा सरकारले समयमा उचित कदम नचाले सरकारलाई अप्ठ्यारो पर्ने र पार्ने चेतावनी रहेको छ । यसमा समस्या समाधानका रूपमा पण्डित पुरोहितहरूको रोजीरोटी र दस्तुरको विषय रहे पनि मुख्यतः मन्त्री वा उपमन्त्रीको सौदाबाजी देखिन्छ । यसबाट स्वार्थ समूहको अवरोध र चेतावनीबाट घेरिएको तत्कालीन सरकारको अवस्था र दूरदर्शिताविहीन निर्णयको चपेटामा फसेको तत्कालीन सरकारको स्वरूप स्पष्ट हुन्छ ।

### निबन्धमा प्रयुक्त समष्टीगत संज्ञान

संज्ञान भन्नाले मानव सभ्यताको ज्ञानार्जनको लामो सांस्कृतिक अभ्यासबाट निर्माण भएका ज्ञान र तिनमाथि रहेको बुझाइको सार भन्ने बुझिन्छ । संज्ञानले समाजमा स्थापित मान्यताहरू र समाजमा रहेको ज्ञान निर्माणसँग सम्बन्धित विषयलाई प्रकाशित गर्छ । वास्तवमा यो सामाजिक अभ्यासको अन्तिम तहमा रहेको हुन्छ र सामाजिक परम्परा, संस्कृति, व्यवहार आदिको लामो अभ्यासबाट निर्माण भएर

मान्छेले स्वीकार गरेको सत्य कुरा मानिन्छ (अधिकारी र कार्की, २०८०, पृ. ४२) 'सरकारले दुलो खोज्नु पर्ला' निबन्धमा तत्कालीन नेपाली समाज, राष्ट्रिय सरकार र देशमा रहेको आर्थिक परिस्थितिका विभिन्न परिघटना प्रस्तुत गर्ने संज्ञानात्मक पक्ष अभिव्यक्त भएको पाइन्छ । उक्त निबन्धमा रहेका संज्ञानात्मक पक्षलाई समष्टिगत रूपमा तल प्रस्तुत गरिएको छ । यहाँ उक्त निबन्धको पाठविश्लेषणबाट प्राप्त सामाजिक संज्ञान आर्थिक संज्ञान र राजनीतिक संज्ञानलाई छुट्टाछुट्टै उपशीर्षकमा सङ्क्षेपमा उल्लेख गरिएको छ ।

*सामाजिक संज्ञान*

'सरकारले दुलो खोज्नु पर्ला' निबन्धको मूल विषय सामाजिक क्षेत्रको पृष्ठभूमिबाट निर्मित भएको छ । यसमा बैठक बसेर आन्दोलनको चेतावनी दिने र सरकारसँग सौदाबाजी गर्ने संस्थाका रूपमा समाजको धार्मिकगतिविधिको जिम्मेवारी लिने संस्थाका रूपमा प्रचण्ड पुरोहित परिषद देखिन्छ । निबन्धमा नेपालमा प्रजातन्त्रको स्थापना भएपश्चात् हिन्दू धार्मिक मान्यता र संस्कारमा आएको ह्रास, समाजमा व्याप्त धर्मान्धता र धर्मका नामबाट राजनीतिक र सामाजिक लाभ लिने प्रवृत्ति अभिव्यक्त भएको छ । तत्कालीन सरकारको धर्मप्रतिको दृष्टिकोण र धार्मिक संस्थाका अगुवाहरूको सरकार र पदमा बस्ने स्वार्थयुक्त पदलोलुप प्रवृत्ति रहेको यथार्थ पनि यसैमार्फत स्पष्ट भएको छ । ब्राह्मण र पुरोहितहरूको धार्मिक संस्था र यसमाथि सरकारले गरेको बेवास्ताबाट उत्पन्न तत्कालीन परिस्थिति यहाँ देखिन्छ । धार्मिक तथा सांस्कृतिक रूपमा आएको विचलन, अंग्रेजी भाषा र संस्कृतिको मोहका कारण नेपाली मौलिक सांस्कृतिक मूल्यमा आएको ह्रास पनि यी सामाजिक सन्दर्भले प्रकाश्य पारेको छ । ब्राह्मण वर्गले अनुभव गरेको अपमानजन्य र विभेदकारी अनुभूतिका साक्ष्यमायस्ता सन्दर्भले तत्कालीन समाजिक परिवेश र सामाजिक गतिविधिमा आएको परिवर्तनसँगै नेपाली जनतामा आएको सांस्कृतिक विचलनलाई अभिव्यक्त गरेको छ ।यहाँका स्थानसूचक, प्रक्रियासूचक तथा अवस्थासूचक स्थितिहरूलाई सामाजिक सन्दर्भले भाषिक रूपसँग एकाकार गराएका छन् । नेपालको राणाशासन कालका पृष्ठभूमि र राणाशासनको पतनपछिको नेपाली सामाजिक संरचना र सोही अनुसारको धार्मिक तथा सामाजिक अवस्थाको चित्रण भएको छ । नेपालको जातीय संरचना, परम्परागत भूमिका र समयको परिवर्तससँगै भएको शासकीय व्यवहारको परिवेशमा तत्कालीन समयमा बाहुनको अधिकार कटौती भएको विषय जनाउने भाषिक रूपको समेत यहाँ प्रयोग भएको छ । यसले परम्परादेखिको नेपाली जातीय संरचना र शक्तिको बाँडफाँडलाई पनि बुझाउँछ ।

परिवर्तित राजनीतिक र सामाजिक परिवेशमा नेपालीले धार्मिक संस्कार र यससँग सम्बन्धित धार्मिक कार्य गर्न छाडेको र गरिहाले पनि जजमानले पुरोहितलाई खुसी गराउने गरी दक्षिणा र गोदान नगरेको विषय यहाँ वर्णित रहेको छ । यस्ता धार्मिक चिन्तन र धार्मिक संस्कारजन्य गतिविधिका सन्दर्भमार्फत नेपालमा राणा शासनको अन्त्यपश्चात्को सामाजिक परिवेशमा हिन्दू धार्मिक संस्कारमा आएको घटौती र यसबाट जजमान तथा पुरोहितको सम्बन्धमा आएको तिक्ततासम्बन्धी तत्कालीन सामाजिक अवस्थाको पनि बोध भएको छ । उक्त निबन्धमा सरकारका विरुद्धमा आन्दोलनको चुनौती दिने धर्म र संस्कृतिका संरक्षकहरूको हुङ्कार रहेको छ । समाजमा भएको सांस्कृतिक पक्षको क्षयीकरण र जजमान गर्ने पुरोहितहरूले सनातन संस्कृतिको संरक्षणका लागि गरेको कार्यमा सरकारको उदासीनतासम्बन्धी विषयमार्फत यहाँ तत्कालीन समाजमा रहेको जजमानी पेसाको ह्राससम्बन्धी

परिस्थिति वर्णित रहेको छ र यसमा धर्मका नाममा स्वार्थमा लाग्ने पुरेतवादलाई पनि व्यङ्ग्य गरिएको छ ।

*आर्थिक संज्ञान*

'सरकारले दुलो खोज्नु पर्ला' निबन्धको मूल विषय सामाजिक क्षेत्रको भए पनि यसले जीवकोपार्जन र सङ्घर्षसम्बन्धी तत्कालीन स्थितिको बोध गराएको छ । पुरोहितको आर्थिक समस्या र यसमा सरकार उदासीन देखिएको विषयमा संरचित यस निबन्धमा धार्मिक संस्कारमा रहेको पारिश्रमिकको ठगी तथा सरकारले यस बारेमा कुनै सम्बोधन नगरेको विषय उठाइएको छ । राज्यसत्तामा पुरोहित तथा पण्डितलाई समावेश नगरेको विषयलाई लिएर पुरोहितहरूले आफ्नो जीविकाका लागि क्रान्ति गर्न गरेको निर्णय यहाँ रहेको देखिन्छ । 'मर्ता क्या नहीँ कर्ता' हिन्दी भाषाबाट आएको आगन्तुक उखानले सङ्घर्ष नगरे अस्तित्वको समाप्ति हुने कुरालाई बुझाएको छ । सरकारले जनताको लोकप्रियताका नाममा आफूले खाइपाइआएको कुरा खोसेपछिको अवस्थालाई मुख मोसिएको कुरोले सङ्केत गर्छ । मुख मोसिनुको अर्थ खाइपाइआएको कुरा खोसिनु हो । विशेष गरी राणाशासनको समयमा र त्यसको लगतै राणाशासनको प्रभाव भएका केही वर्षमा राणाहरूका गुरुका रूपमा पण्डितहरूले ऐस आराम र अतिरिक्त सुविधा पाएकोमा यसको खोसुवापछिको असन्तुष्टि पनि यहाँ देखिन्छ । यस निबन्धमा धार्मिक तथा संस्कारजन्य विषयभित्र नेपालमा रहेको आर्थिक शोषणको सन्दर्भ उप्काइएको छ । यस निबन्धमा धार्मिक कार्यमा लगाइसकेपछि दिइने दक्षिणामा भएको शोषणको विषय रहेको तर यसले सन्दर्भार्थमा नेपालीहरूको हरेक पेसामा रहेको श्रमशोषण र आर्थिक दृष्टिले ठग्ने परम्पराको बोध गराउँछ ।

विवेच्य निबन्धमा रहेको सन्दर्भार्थले धार्मिक तथा सांस्कृतिक पक्षभित्र रहेको आर्थिक अवस्थाको प्रकाशन गर्छ । २०१४ मा प्रकाशित यस निबन्धमा तत्कालीन नेपालको सामाजिक तथा धार्मिक परम्परा र त्यससँगै जोडिएका जाति वा वर्गको आर्थिक अवस्था पनि देखिन्छ । धार्मिक कार्यमा प्रयुक्त पात्र ( सामान, भाँडो) का रूपमा शुरोलाई यहाँ पण्डितहरूको आन्दोलनको हतियारका रूपमा लिइएको छ । यसले मानिसले धार्मिक संस्कार तथा अनुष्ठान गर्न छोडेको तत्कालीन अवस्थाका कारण पुरोहितहरूको पारिश्रमिक घटेको हुनाले यसका लागि गरिने सङ्घर्षको बोध गराउँछ । देशमा महङ्गी बढेको तर पुरेतहरूको दस्तुर र गोदानमा राख्ने दामको दर उही भएको हुनाले पुरेतले जीवन चलाउन धौधौ परेको, रोजीरोटीका लागि आन्दोलनमा लाग्नुपरेको र आन्दोलनका बलमा सरकारको नेतृत्वमा पुगेर आर्थिक उपार्जन गर्ने परिपाटी यहाँ रहेको दक्षिणा र सङ्घर्षको स्थितिले बोक्ने सन्दर्भार्थ हो । बेनको राज्यमा क्रान्ति भन्ने पदावलीले फ्रान्सको नियन्त्रणमा रहेको अल्जेरियालाई स्वतन्त्र तुल्याउन बेन बेलाले गरेको योगदान (ओल्सोन, सन् १९९१, पृ. ५१-५२) कुरालाई उदाहरणका रूपमा ल्याएको छ । स्वतन्त्रतापछि अल्जेरियामा राष्ट्रपतिसमेत बनेका लोकप्रिय बेन बेलाले इस्लाम मूल्यका आधारमा शासन नचलाई इस्लामी कानुनको अपहेलना गरेको भनेर तत्कालीन धार्मिक समूह उलेमा एसोसियसनले सन् १९६४ मा धार्मिक क्रान्तिको आह्वान गरेको (इभान्स र फिलिप, सन् २००८, पृ. ७७)अर्को उस्तै प्रसङ्ग रहे पनि २०१४ वा सन् १९६१ मा प्रकाशित यस निबन्धमा बेनले अल्जेरियाली जनताको अस्तित्व रक्षा र स्वतन्त्रताका लागि गरेको क्रान्तिको उदाहरण ल्याइएको स्पष्ट हुन्छ । बेनसँग निकट क्रान्तिको दोस्रो प्रसङ्ग निबन्धमा भएको विषयसँग सरासर मिल्ने हुनाले यस निबन्धको प्रकाशन समय वा निबन्धको पुनः परिष्कारमा भने प्रश्न उठ्छ । यस आधारमा तत्कालीन समयमा जजमान गर्ने ब्राह्मणको दयनीय

आर्थिक अवस्था र आफ्नो पारिश्रमिकका लागि आन्दोलनमा लाग्नुपर्ने बाध्यात्मक अवस्थामार्फत यहाँ नेपालीको आर्थिक अवस्था र शोषणको विषय अभिव्यञ्जित भएको छ ।

*राजनीतिक संज्ञान*

'सरकारले दुलो खोज्नु पर्ला' निबन्धमा राजनीतिक क्षेत्रको विषयले विशेष महत्त्व पाएको छ । यहाँ प्रयुक्त राजनीतिक सन्दर्भमार्फत तत्कालीन नेपालको प्रजातन्त्रको स्थापनापछिको समयमा बन्ने र विगठन हुने सरकारको स्वरूप र त्यसका अपरिपक्वता स्पष्ट भएको छ । नेपालमा २००७ सालदेखि पछि निर्माण भएका सरकार र त्यसबेलाका राजनीतिक अस्थिरताको चित्र पनि यहाँ देखिन्छ । पटकपटक पुनरावृत्त 'मन्त्री' शब्दले सरकारको कार्यपालिकामा दैनिक सरकार सञ्चालन गर्ने विभागअनुसारको अधिकारी भन्ने जनाउँछ । यहाँ प्रयुक्त 'मन्त्री' शब्दले सामान्यतः एउटै अर्थ बोके पनि सन्दर्भपरक दृष्टिले यी शब्दबाट फरक फरक अर्थ प्रतिफलन भएको छ । पहिलो मन्त्रीले सरकारको मन्त्री रखाइप्रति असन्तुष्टि जनाएको छ । यो मन्त्रीले मन्त्रीमण्डल गठन गर्दा विवेक नपुग्ने सरकार प्रमुखको दृष्टिकोण र सोचलाई आलोचना गरेको, दोस्रो 'मन्त्री' शब्दले भए नभएका विभाग र मन्त्रालय खडा गरेर मन्त्रीको सङ्ख्या बढाउने तत्कालीन सरकारको रबैयालाई जनाउँको र तेस्रो 'मन्त्री' ले थुप्रै सङ्ख्यामा मन्त्री थपेर मन्त्रीमण्डल गठन गर्दा पनि धर्मसम्बन्धी विभाग र धर्ममन्त्री नियुक्त नगरेको सरकारको कार्यप्रति हिन्दू धार्मिक संस्था विरोधलाई बुझाउँछ । यसबाट नेपालमा प्रजातन्त्र स्थापना भएपछि बहुदलीय प्रजातान्त्रिक अभ्यास भए पनि त्यस्तो अभ्यासका क्रममा चाहिनेभन्दा बढी सङ्ख्यामा र अदूरदर्शी तरिकाले मन्त्रीमण्डल विस्तार भएको कुरा स्पष्ट हुन्छ ।

**निष्कर्ष**

'सरकारले दुलो खोज्नु पर्ला' निबन्धमा विभिन्न सामाजिक सन्दर्भको प्रयोग गर्दै सरकारको तत्कालीनगतिविधिमाथि प्रश्न गरिएको छ । यहाँ ब्राह्मण र पुरोहितहरूको धार्मिक संस्था र यसमाथि सरकारले गरेको व्यवस्थाबाट उत्पन्न तत्कालीन परिस्थिति, धार्मिक संस्थाका गतिविधि, सांस्कृतिक रूपमा आएको विचलन र विदेशी भाषा र संस्कृतिको मोहका कारण सनातन हिन्दु धर्म र यसका सांस्कृतिक मूल्यमाथि गरिएको प्रहार जस्ता थुप्रै सामाजिक सन्दर्भले विशेष अर्थ बोकेको देखिन्छ । विशेषगरी ब्राह्मण वर्गले अनुभव गरेको अपमानजन्य र विभेदकारी अनुभूतिलाई प्रस्तुत गर्न समाज र सामाजिक सांस्कृतिक गतिविधिका विभिन्न सन्दर्भहरू यहाँ ल्याइएको देखिन्छ । यस्ता सन्दर्भ तत्कालीन समाजिक परिवेश र सामाजिक गतिविधिमा आएको परिवर्तनसँगै नेपाली जनतामा आएको सांस्कृतिक विचलनलाई अभिव्यक्त गर्न समर्थ रहेका छन् । यहाँ तत्कालीन समाजमा आएको सांस्कृतिक स्थानान्तरण र त्यसले प्रभावित पारेको हिन्दू संस्कृति र प्रत्यक्ष त कर्मकाण्डमा संलग्न हुने ब्राह्मणहरूको अवस्थालाई सङ्केत गरेको छ । यस निबन्धमा रहेको आर्थिक र कालगत सन्दर्भका माध्यमबाट नेपालीको तत्कालीन नाजुक आर्थिक अवस्था स्पष्ट भएको छ । समाजमा आर्थिक दृष्टिले जीविकाको माध्यम नभएको र भएको माध्यमबाट पनि न्यून दस्तुरका कारण बाँच्नका लागि सङ्घर्ष गर्नुपर्ने परिस्थिति निर्माण भएको तथ्य यहाँ अभिव्यञ्जित रहेको छ । सरकारको ध्यान सरकार निर्माण र विगठनमा रहेको हुनाले जनताको आर्थिक अवस्था सुधार्न र साधनको समान वितरण र आर्थिक शोषणको अन्त्यका लागि सरकारको कुनै योजना नभएको तत्कालीन अवस्था यसबाट देखिन्छ । यस निबन्धमा रहेका राजनीतिक सन्दर्भका माध्यमबाट प्रजातन्त्रको स्थापनापछिको अस्थिर सरकार र तरल राजनीतिक अवस्था र यसको उपजका रूपमा रहेका राजनीतिक गतिविधि र आन्दोलनको सिलसिला

यहाँ प्रस्ट भएको छ । यहाँ सरकारको अदूरदर्शिता तथा बेकामेपना र बाह्य शक्ति र स्वार्थ समूहका कारण सरकार कमजोर बनेको कुरा यहाँ स्पष्ट भएको छ । यस निबन्धमा सामाजिक सन्दर्भमार्फत सामाजिक परिवर्तन, धार्मिक बेथिति, सांस्कृतिक मूल्यमा रहेको क्षय, आर्थिक सन्दर्भमार्फत गरिबी, विपन्नता, शोषण र जीविकाका लागि सङ्घर्ष गर्नुपर्ने वस्तुगत अवस्था अनि राजनीतिक सन्दर्भमार्फत अस्थिर, कमजोर र अदूरदर्शी सरकारको निकम्मापन जस्ता संज्ञानात्मक पक्षको प्रस्तुति देखापर्छ ।

**कृतज्ञताज्ञापन**

पूर्ण मौलिक तथ्याङ्कको प्रयोगका साथ अनुसन्धान आचारसंहिताको पालना गरी प्रस्तुत लेख तयार पारिएको प्रतिबद्धतासहित प्रस्तुत लेखको तयारीका क्रममा प्रयुक्त विभिन्न पुस्तक तथा लेखका लेखकहरू, सैद्धान्तिक आधार तथा लेखको यान्त्रिकीका पथप्रदर्शक श्रद्धेय गुरु सहप्रा. डा. गोविन्दप्रसाद शर्माज्यू र सामग्री सङ्कलनमा सहयोग गर्ने भैरव पुरस्कार गुठीप्रति कृतज्ञताज्ञापन गर्दछु ।

## सन्दर्भसामग्री सूची


अधिकारी, अनिल र कार्की, बेनुबहादुर (२०८०), टक्सार क्षेत्रका उखानको सन्दर्भविश्लेषण, वैखरी वाणी (वर्ष - १, अङ्क- १), पृ. २५ - ४८ ।

अर्याल, भैरव (२०६३), *टेडो ऐना,* भैरव पुरस्कार गुठी ।

ओझा, बाबुराम (सन् २०२३), "छ मायाँ छपक्कै चलचित्रमा राजनीतिक सन्दर्भ", *बौद्धिक अभियान* (वर्ष - ८, अङ्क - १), पृ. ४४-६० ।

गौतम, देवीप्रसाद (२०६८), "सङ्कथन विश्लेषण", *रत्न बृहत् नेपाली समालोचना भाग-१,* राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), रत्न पुस्तक भण्डार, पृ. ५७१-५९१ ।

गौतम, देवीप्रसाद र चौलागाईं, प्रेमप्रसाद (२०६७), *भाषाविज्ञान,* पाठ्य सामग्री पसल ।

पौडेल, माधवप्रसाद र पोखेल, गोकुल (२०७१), *सङ्कथन विश्लेषण : सिद्धान्त र प्रयोग,* विद्यार्थी प्रकाशन प्रा.लि. ।

बन्धु, चूडामणि (२०६४), *भाषाविज्ञानका सम्प्रदाय,* एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि. ।

भट्टराई, भरतकुमार (सन् २०२२), "सङ्कथन विश्लेषणमा डेलहाइम्सको सिद्धान्त", *वाङ्मय*(अङ्क -१८),पृ. ६१-७१ ।

यादव, योगेन्द्रप्रसाद र रेग्मी, भीमनारायण (२०५८), *भाषाविज्ञान,* न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

लुइटेल, खगेन्द्रप्रसाद (२०७८), "भैरव अर्यालको हास्यव्यङ्ग्य निबन्धकारिता" *सम्झना,* विजय चालिसे र अन्य (सम्पा.),भैरव पुरस्कार गुठी, पृ. ३११-३२५ ।

शर्मा, मोहनराज (२०६३), *समकालीन समालोचना : सिद्धान्त र प्रयोग,* (दोस्रो संस्क.) अक्सर्फोर्ड इन्टरनेसनल पब्लिकेसन ।

Evans, Martin; Phillips, John (2008). *The anger of the dispossessed,* Yale University Press, 2008, p.p. 76.

Halliday, M.A.K. (2014). *Halliday's Introduction to Functional GrammarFourth Ed.* revised by Christian M.I.M. Mathieson. Routledge Taylor and Francis Group.

McCarthy, M. (1991). *Discourse Analysis for Language Teacher*, Cambridge University Press.

Olson, James Stuart (1991). *Historical Dictionary of European Imperialism*. Greenwood Publishing Group.

Svenja, Adolphs (2008). *Corpus and Context: Investigating pragmatic functions in spoken discourse*. John Benjamins Publishing Company.

Van Dijk, T. A. (2008). *Discourse and Context*. Cambridge University Press.

Widdowson, H. G. (2004). *Text, Context Pretext, Critical Issue in Discourse Analysis*. Blackwell Publishing L.td.